बर्दगोरिया गाउँपालिका

# गाउँ कार्य पालिकाको कार्यालय

मुडा, कैलाली

विपद व्यवस्थापन कार्यविधि - २०७५

विपद व्यवस्थापन कार्यविधि - २०७५

बर्दगोरिया गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

**मुडा, कैलाली**

**२०७५**

**गाउँ कार्यपालिकाबाट २०७५/४/२८ गते मा पारित गरि जारी गरिएको !**

# परिच्छेद : एक

# संक्षिप्त नाम, परिभाषा र प्रारम्भ

**पृठभूमि/औचित्य :**

यस बर्दगोरिया गाउँपालिकामा आई पर्ने विभिन्न प्रकारका दैविक प्रकोप एवं विपदबाट यहाँका जनताहरुलाई पटक पटक आईपर्ने समस्यामा राहत तथा जनचेतना दीने हेतुले स्थानिय सरकार संचालन ऐन - २०७५ को दफा-११ को "न" बमोजीम यस गाउँपालिकाको लागि आवश्यक देखी यो कर्यविधी जारी गरिएको छ ।

१) संक्षिप्त नाम : यस कार्यविधिको नाम : (विपद व्यवस्थापन) कार्यविधि - २०७५" रहनेछ । यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखी लागु हुनेछ ।

२) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

क) कोष : भन्नाले स्थानीय सरकार संचालन ऐन - २०७४ को दफा ११ को न बमोजीम स्थापना भएको विपद व्यवस्थापन कार्यविधि सम्झनु पर्दछ ।

ख) "कार्यविधि" भन्नाले (विपद व्यवस्थापन) कार्यविधि - २०७५ लाई बुझाउनेछ ।

ग) "सरोकारवाला" भन्नाले कार्यक्रमसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सेवा/सहयोग पुऱ्याउने सरकार, गैह्रसरकारी निकाय, उद्योग, व्यापारीहरु, दातृ निकायहरु र समुदायलाई जनाउने छ ।

घ) समिति : भन्नाले विपद व्यवस्थापन परिचालन समितिलाई बुझाउँछ ।

ङ) गाउँपालिका : भन्नाले गाउँपालिकाको कार्यालय, बर्दगोरिया, कैलालीलाई जनाउँनेछ ।

३) प्रारम्भ : यो कार्यविधि बर्दगोरिया गाउँ कार्यपालिकाको मति २०७५/४/२८ गतेको बैठकको निर्णयानुसार लागु गरिएको छ ।

# परिच्छेद : दुई

# उद्देश्य र सहयोगका क्षेत्रहरु

४)  **उद्देश्यहरु :**

गाउँपालिकाको क्षेत्रगत रुपमा विभिन्न प्रकारका प्रकोपले पारेकोअसरहरु बाट बच्न तत्काल सहयोग दिई परिस्थिति अनुकुल बनाउने यस कार्यविधिको मुख्य उद्देश्य रहेको छ भने सहायक उद्देश्यहरुमा :

- विभिन्न प्रकारका प्रकोपहरुको असरबाट जोखिमपूर्ण अवस्थामा पुगेको र पर्न सक्ने समुदायलाई तत्काल सहयोग पुऱ्याउने ।
- विपद व्यवस्थापनको क्षेत्रमा कार्य गर्ने सरकारी तथा गैरसरकारी निकाय, उपभोक्ता र समुहहरुको सहयोगमा विपद व्यवस्थापनआपतकालीन कोष स्थापना गरी गरिव तथा संकटासन्न समुदायलाई आपतकालिन अवस्थामा सहयोग गर्ने ।
- विपद व्यवस्थापनसम्बन्धि चेतना अभिबृद्धिका लागि विभिन्न सचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने र संचालानार्थ सहयोग गर्ने ।

५)  **सहयोगका क्षेत्रहरुः**

- विभिन्न प्रकारका प्रकोपको कारणले विभिन्न क्षेत्रमा असर पर्न जाने र यसले पुऱ्याएका नकारात्मक असरहरुमा यस कोषबाट निम्नलिखित क्षेत्रहरुमा सहयोग गर्न सकिनेछ :
- हावाहुरी, आगलागी, नदीकटान, असिना, खडेरी, अतिबृष्टि, अनाबृष्टि, करेण्ट, सर्पदंस चट्याङ्ग, बाढी पहिरो, हात्ती लगायतका जंगली जनावरका कारणले पिडित भएका परिवारहरुको घर तथा कृषि उत्पादनमा प्रतिकुल असर परेमा, जनधनको क्षति हुन गएमा ।
- अत्यधिक तथा न्यून तापक्रमले अंकुरण हुन नसकी बीउ बिजन नष्ट हुन गएको प्राविधिक प्रतिबेदन दिएको अवस्थामा ।
- अत्यधिक गर्मियाम तथा चिसोमा हुने रोगहरु जस्तै मलेरिया, ईन्सिफ.लाईटिस, डेंगु, झाडापखाला, न्यूमोनिया र छाला डढ्ने आदी महामारीले असर पारेका अवस्थामा । साथौ

अन्य ठुला प्कारका दिर्घरोग जस्तैः सिकलसेल, मुटुरोग, मृगौला रोग, क्यान्सर जस्ता अन्य दिर्घरोगमा पनि सामान्य रेखदेख (सहयोग) गर्न सकिने छ ।

६) **कार्यविधिको उपयोग :** यो कार्यविधि बर्दगोरिया गाउँपालिका स्तरिय विपद व्यवस्थापन समितिले प्रयोग गर्नेछ ।

# परिच्छेद : तीन

# समितिको गठन र काम, कर्तब्य

७) **समितिको गठन :**

गाउँ स्तरीय विपद व्यवस्थापन कोष समिति गठन गरि त्यस समितिले विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन गर्नेछ । आवश्यकता परेमा यस समितिले बैठकमा अन्य विशेषज्ञ समेत आमन्त्रण गर्न सक्नेछ ।

८) **समितिको काम, कर्तव्य र अधिकार :**

(क) गाउँपालिका स्तरमा विपदव्यवस्थापन कोष व्यवसथापनगरीविपदले पारेको नकारात्मक असरबाट गरिव तथा पिडित समुदायलाई तत्काल सहयोग पुऱ्याई राहत पुऱ्यायन समितिको मुख्य जिम्मेवारी रहनेछ ।

(ख) गा.पा. भित्र विपदकाकारणले असर एवं प्रभाव परेका गरिव र संकटासन्न समुदाय/घरधुरीलाई गा.पा. स्तरीयविपद व्यवस्थापन समितिको निर्णय अनुसार राहत उपलब्ध गराईन्छ ।

(ग) कोषको दिगो व्यवसथापन तथा संचालनको लागि गा.पा. स्तरिय कार्यविधि, २०७५ ले निर्दिष्ट गरे बमोजिम समितिले आर्थिक सुशासन कायम राख्नेछ ।

# परिच्छेद : चार

# समितिको बैठक तथा माइन्यूट

**९)** **बैठक**

(क) समितिको बैठक कम्तीमा वर्षको ६ पटक बस्नेछ । तर विषेश अवस्थामा आवश्यकता अनुसार जुनसुकै समयमा पनि बैठक बस्न सकिनेछ ।

(ख) बैठक प्रयोजनका लागि ५१ प्रतिशत सदस्यलाई गणपुरक संख्या मानिनेछ ।

**१०)** माइन्यूट : गा.पा. स्तरीय प्रकोप व्यवस्थापन समितिको सदस्य सचिव वा तोकिएकोपदाधिकारी/कर्मचारीले बैठकको माईन्यूट तयार गरी सम्पूर्ण सदस्यहरुलाईजानकारी गराउनु पर्ने छ ।

# परिच्छेद : पाँच

# कोष स्थापना, व्यवस्थापन तथा परिवचालन प्रक्रिया :

**११)** **कोष स्थापना :**

विपद व्यवस्थापन कोष स्थापनाको लागि गा. पा. को छुट्टै खाता हुनेछ ।

**१२)** **कोषका श्रोतहरु :** यस विपदव्यवस्थापन कोषमा निम्न अनुसारका रकमहरु जम्मा गर्न सक्ने छ ।

(क) गा. पा. बाट राखिने रकम ।

(ख) नेपाल सरकार बाट प्राप्त रकम ।

(ग) प्रदेश सरकारबाट प्राप्त रकम ।

(घ) दातृ एवम् सहयोगी निकायहरुबाट प्राप्त हुने सहयोग रकमहरु ।

(ङ) विपद व्यवस्थापनको क्षेत्रमा काम गर्ने को सो को बारेमा चासो राख्ने संघ संस्था, समुदाय, व्यक्तिहरुबाट प्राप्त सहयोग रकम ।

(च) बैंकबाट प्राप्त हुने व्याज रकम ।

(छ)अन्य श्रोतबाट प्राप्त हुन आएका सहयोग रकम ।

१३) **समपूरक कोष :**विपद व्यवस्थापन कोषको निरन्तरताको लागि गा.पा.ले बार्षिक रुपमा समपूरक कोष (Matching Fund)को लागि निश्चित रकम विनियोजन गरि यस कोषमा राख्नु पर्ने छ ।

१४) **कोष व्यवस्थापन तथा परिचालन प्रक्रिया :**गा.पा. स्तरमा विपद व्यवस्थापन कोष परिचालन गरी विभिन्न आपत/विपतबाट परेको नकारात्मक असरबाट गरिव तथा पिडित समुदायलाई तत्काल सहयोग गरी परिस्थिति अनुकुल बनाउन गा.पा. स्तरिय विपद व्यवस्थापन समिति, बर्दगोरियाको प्रमुख जिम्मेवारी रहनेछ ।

१४.१ यस गा.पा. भित्र विभिन्न प्रकारका विपदका असर एवं प्रभाव परेका गरिव र पिडित समुदाय/घरधुरीलाई प्रकोप व्यवस्थापन समितिको निर्णय अनुसार परिच्छेद २ (५) मा उल्लेख भए अनुसार राहत उपलब्ध गराईनेछ ।

१४.२ विपद व्यवस्थापन कोष परिचालन प्रक्रियाले कोषलाई बढी पारदर्शी बनाउन अर्धवार्षिक रुपमा यस अर्न्तगत भए गरेका क्रियाकलाप, प्रगतिहरुलाई सम्पूर्ण सरोकारवालाहरु समक्ष जानकारी गराउनेछ ।

यस कोषमा जम्मा भएको रकम विभिन्न प्रकारका विपदबाट सिर्जित विपत बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाईने छैन । जस्तै :

- कार्यालयको प्रशासनिक खर्च जस्तै मसलन्द, इन्धन, गाडि भाडा, दैनिक भ्रमण भत्ता आदि जस्ता खर्चका शिर्षकहरु ।
- तालिम, गोष्ठि लगायत क्षमता अभिवृद्धि सम्बन्धि कार्यक्रमहरु मा ।
- नियमित प्रकारको रोगको लागि उपचार गराउन सहयोग दिईनेछैन । तर यस्ता प्रकारका रोगमा एक पटकका लागि साधारन यातायात वा आर्थिक सहयोग गर्न सकिने छ ।
- घरपालुवा जनावरको कारणबाट कृषि उत्पादन तथा मानवीय क्षति भएमा ।

- रुख वा अन्य कुनै सवारी साधनबाट लडि दुर्घटना वा भवितव्य परेमा सहयोग गर्न सकिने तर अभिभावक विहिन अवस्थामा रहेको व्यक्तिका सम्बन्धमा सामान्य उपचार सम्म गर्न सकिने छ ।
- विपद/दुर्घटनामा परि मृत्यु भएकमा लासको सतगत (विसर्जन) गर्न सहयोग दिन पाईने छैन तर बेवारिसे लास सतगत (विसर्जन) का लागि भने सामान्य सहयोग गर्न सकिने छ ।

१५) **खाता संचालन :** यस कोषको खाता संचालन स्थानीय सरकार सांचालन ऐन २०७४अनुसार हुनेछ । यो कोष संचालनको लागि गा. पा. कार्यपालिकाको कार्यालय बर्दगोरियाले एक छुट्टै बैंक खाता खोल्ने छ ।

# परिच्छेद : छ

# अनुगमन, समन्वय तथा प्रतिवेदन सम्वन्धमा

१६) **अनुगमन, समन्वय र प्रतिवेदन :**

(क) विपद व्यवस्थापन कोष अन्तर्गत सहयोग भएका क्षेत्रहरुको प्रभावकारी कार्यान्वयनको अनुगमन निरिक्षण विपद व्यवस्थापन समिति र गाउँपालिकाले गर्नेछ ।

(ख) अनुगमनबाट देखिएका सुधार गर्नुपर्ने पक्षको स्थलगत पृष्ठपोषण र अन्य प्राप्त महत्वपूर्ण उपलब्धी, सिकाई तथा योजनाहरुलाई सरोकारवालाहरु समक्ष जानकारी गराईनेछ ।

(ग) सहयोगको प्रभावकारिता वृद्धि गर्न र सहयोगको दोहोरोपना हुन नदिन जिल्ला स्तरिय प्रकोप सम्बन्धी कार्य गर्ने सरकारी निकाय र मानविय सहयोग पुऱ्याउने संघ संस्था र कार्यालयहरु संग सहकार्य र समन्वय गरिनेछ ।

(घ) कोष परिचालनबाट गरिएको क्रियाकलपहरु एवं सहयोगहरुको विवरणको वार्षिक प्रतिवेदन गा.पा.को गाउँ सभामा पेश गरिनेछ र आवश्यकतानुसार सरोकारवालाहरुलाई पनि उपलब्ध गराईनेछ ।

## परिच्छेद : सात

## सार्वजनिक र वार्षिक लेखा परिक्षण :

१७) यस विपद व्यवस्थापन कोष अन्तर्गत वर्षभरि भए गरेका सम्पूर्ण क्रियाकलाप तथा लेखा अभिलेखलाई कम्तीमा एक पटक(आ.व. समाप्त भएको मितिले एक महिना भित्र) सरोकारवालाहरुको उपस्थितिमा सार्वजनिक लेखा परिक्षण गराई गा.पा. स्तरीयविपद व्यवस्थापन समितिबाट अनुमोदन गराईनेछ । सार्जजनिक लेखा परिक्षण पश्चात एक महिनाभित्र सम्पूर्ण कारोवारहरुको वार्षिक लेखा परिक्षण नियमानुसार गा. पा. को आ. ले. प./ म. ले. प. गर्ने निकाय बाट गरिनेछ ।

## परिच्छेद : आठ

## संशोधन तथा परिमार्जन

१८) विपद व्यवस्थापन कोषलाई व्यवस्थित बनाउन समय सापेक्ष यस कार्यविधिलाई  गाउँपालिकाबाट परिमार्जन तथा संशोधन गर्न सकिनेछ ।

# परिच्छेद : नौ

# बचाउ

**१९) बाधा अडकाउ :** यस कार्यविधिमा कुनै बाधा अडकाउ पर्न गएमा उक्त बाधा अड्कन गाउँकार्यपालिकाको निर्णयबाट फुकाईने छ ।

**२०) कानुन बमोजिम हुने :**

यस कार्यविधिमा भएको कुनै व्यवस्थाहरु नेपाल सरकारद्धारा जारी कुनै पनि ऐन कानुनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः खारेज भएको मानिने छ ।

———— x समाप्त x ————